राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक २३ २०८३ साउन २६ गते मंगलवार (11 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## बोलबम यात्रुले भरियो सर्लाहीका सडक



दैनिक समाचारदाता
सर्लाही, २५ साउन । सर्लाहीमा महेन्द्र राजमार्ग, नवलपुर(मलङ्गवासहितका सडकमा बोलबम यात्रु र उनीहरू सवार सवारीसाधनको चाप बढेको छ। बोलबम यात्रुको चापलाई ध्यानमा राख्दै नेपाल प्रहरी र ट्राफिक प्रहरीले सुरक्षा सतर्कता बढाएका छन्।

जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीका प्रमुख एवं प्रहरी निरीक्षक झलक शर्माले मुख्यगरी महेन्द्र राजमार्ग र नवलपुर(मलङ्गवा सडकमा दुई दिनयता सवारीसाधनको चाप अत्यधिक बढेको जानकारी दिनुभयो।

हरेक वर्ष साउन महिनाको अन्तिमतिर सर्लाही र रौतहटको सीमाबाट बग्ने बागमती नदीमा जल उठाउन आउने बोलबम यात्रुको अत्यधिक भिड लाग्ने गर्छ। भिड व्यवस्थापन गर्न ट्राफिक प्रहरी र नेपाल प्रहरीलाई निकै सकस हुने गरेको छ।

प्रमुख शर्माका अनुसार मानिस र सवारीसाधनको चाप बढेसँगै दुर्घटनाको जोखिमसमेत बढ्ने भएकाले सुरक्षाकर्मीको उपस्थिति बढाइएको छ। "बोलबम यात्रु र उनीहरू सवार सवारीसाधनको चाप बढे पनि अहिले अवस्था सामान्य नै छ," उहाँले भन्नुभयो।

यस समयमा कतिपय यात्रुले जोखिमपूर्ण यात्रा गर्ने भएकाले ट्राफिक नियम पालना गर्न सम्झाइबुझाइ गर्ने गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ। यस वर्ष महेन्द्र राजमार्गसहितका विभिन्न सडक निर्माणाधीन रहेकाले सडकको अवस्था खराब रहेको भन्दै सावधानीपूर्वक सवारीसाधन चलाउन र यात्रा गर्न यात्रुलाई सचेत गराउने काम भइरहेको प्रमुख शर्माले बताउनुभयो।

विशेषगरी बागमती पुल आसपासको क्षेत्रमा ट्राफिक व्यवस्थापन गर्न कठिन हुने गरेको छ। बागमती नगरपालिका(११ का हरि पुडासैनीका अनुसार महेन्द्र राजमार्गमा पहेँलो, हरियोलगायतका पोसाक लगाएका पैदल यात्रुसँगै साइकल, मोटरसाइकल, ट्र्याक्टर, जिपलगायतका सवारीसाधनमा सवार बोलबम यात्रुको आउजाउ बाक्लिएको छ।

बागमती नदीबाट भारत तथा महोत्तरीको टुटेश्वरलगायतका स्थानमा रहेका शिवालयमा चढाउन जल उठाउन भक्तजन आउने गरेका छन्। "यस समयमा नेपालीसँगै भारतीय नागरिक पनि ठूलो सङ्ख्यामा जल उठाउन बागमती आउने गर्छन्," पुडासैनीले भन्नुभयो।

अघिल्ला वर्षको तुलनामा यस वर्ष जल उठाउन आउने भक्तजनको भिड भने कम रहेको पुडासैनीले बताउनुभयो। टन्टलापुर घाममा राजमार्ग हुँदै यात्रा गर्ने बोलबम यात्रुलाई विभिन्न स्थानमा पानी, सर्वतलगायतका पेयपदार्थ वितरण गर्ने अभियानसमेत सञ्चालन भइरहेको छ।

# दण्डहीनताको अन्त्यले समृद्ध समाज निर्माण हुन्छ : सभामुख यादव




दैनिक समाचारदाता
जनकपुरधाम, २५ साउन । मधेश प्रदेशका सभामुख रामअशिष यादवले कानुनी राज्यको स्थापना र दण्डहीनताको अन्त्यबाट मात्रै समृद्ध समाज निर्माण गर्न सकिने बताएका छन् ।

सोमबार वैद्य प्रकाश मानव अधिकार पुरस्कार कोष, सप्तरीद्वारा आयोजित '३४औं प्रकाश स्मृति दिवस'का अवसरमा सभामुख यादवले शासन व्यक्तिको नभई विधिको हुनुपर्नेमा जोड दिए। मुलुकमा दण्डहीनता बढ्नुका प्रमुख कारणमध्ये राज्यको निष्क्रियता पनि रहेको उनको भनाइ थियो ।

मानव अधिकारको गम्भीर उल्लंघन हुँदासमेत राज्य पक्ष चुप लागेर बस्नु अपराधी गतिविधिलाई प्रोत्साहन गर्नुजस्तै भएको उनले बताए । विभिन्न आन्दोलनका क्रममा समेत आपराधिक गतिविधि देखिएको उल्लेख गर्दै उनले त्यस्ता गतिविधि नियन्त्रणमा नलिनु नै दण्डहीनताको अवस्था भएको जिकिर गरे।

"जबसम्म राज्य पक्षले दण्डहीनतालाई गम्भीरतापूर्वक लिँदैन, तबसम्म सर्वसाधारण नागरिकले अनुशासन र कानुनी शासनको अनुभूति गर्न सक्दैनन्," उनले भने ।

मानव अधिकारकर्मीहरूले व्यक्तिको मात्र नभई विधिको पक्षमा सक्रियतापूर्वक काम गर्नुपर्नेमा जोड दिँदै सभामुख यादवले पत्रकारिता र मानव अधिकार एकअर्काका पूरक रहेको बताए। दुवै क्षेत्रले सहकार्य गरेर काम गरेमा मुलुकमा अमनचयन, शान्ति र समृद्ध समाज निर्माण गर्न सकिने उनले बताए।

उनले मानव अधिकारको कार्यक्षेत्र मानवमा मात्र सीमित नराखी वातावरण, न्याय र प्रदूषणका क्षेत्रमा समेत विस्तार गर्नुपर्ने धारणा राखे। "अबको युद्ध प्रदूषणविरुद्धको हुनुपर्छ र

*बाँकी ४ पृष्ठमा*

## राजु मानव अधिकार पुरस्कारबाट पुरस्कृत



दैनिक समाचारदाता
जनकपुरधाम, २५ साउन । मानव अधिकार तथा सामाजिक न्यायका क्षेत्रमा दीर्घकालीन योगदान पुऱ्याउँदै आएका सप्तरीको शम्भुनाथ नगरपालिका(३, कचन्दाहाका राजु पासवानलाई 'बैद्य(प्रकाश मानव अधिकार पुरस्कार(०८३'बाट सम्मान गरिएको छ ।

सोमबार बैद्य(प्रकाश मानव अधिकार पुरस्कार कोष, सप्तरीद्वारा आयोजित '३४औं प्रकाश स्मृति दिवस'का अवसरमा पासवानलाई ११ हजार पाँच सय रुपैयाँ नगद, सम्मानपत्र र दोसल्लासहित सम्मान गरिएको हो ।


इन्सेक मधेश प्रदेशका संयोजकसमेत रहनुभएका पासवान विगत दुई दशकदेखि मानव अधिकार, सामाजिक न्याय तथा समुदाय सशक्तीकरणका क्षेत्रमा सक्रिय रहँदै आउनुभएको छ । विभेद तथा हिंसाबाट प्रभावित समुदायको अधिकार संरक्षण, पीडितको उद्धार तथा पुनःस्थापना, कानुनी पैरवी र सामाजिक न्याय प्रवर्द्धनमा पुऱ्याउनुभएको योगदानको कदर गर्दै उहाँलाई पुरस्कार प्रदान गरिएको हो ।

बैद्य(प्रकाश मानव अधिकार पुरस्कार कोषको साउन १४ गते बसेको बैठकले पासवानलाई एघारौँ पटकको पुरस्कार प्रदान गर्ने निर्णय गरेको थियो।


यसैगरी, 'उर्मिलादेवी झा स्मृति मैथिली लोकगीत गायन पुरस्कार(०८३' राजगढ गाउँपालिकाकी तथा हाल राजविराज नगरपालिका(६ मा बसोबास गर्दै आउनुभएकी शीलमदेवी झालाई प्रदान गरिएको छ।

प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाले आफ्नी भाइबुहारी स्वर्गीय उर्मिलादेवी झाको स्मृतिमा स्थापना गर्नुभएको उक्त पुरस्कारको राशि दुई हजार पाँच सय रुपैयाँ रहेको छ। मैथिली महिला परिषद्को सिफारिसका आधारमा मैथिली भाषा, लोककला तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनमा लोकगायनमार्फत पुऱ्याउनुभएको योगदानको कदर गर्दै शीलमदेवी झालाई पुरस्कार प्रदान गर्ने निर्णय गरिएको बैद्यनाथ झाले जानकारी दिनुभयो।

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# नापतौलमा कडाइ आवश्यक

बजारमा हुने कारोबारलाई निष्पक्ष, पारदर्शी र उपभोक्तामैत्री बनाउन सही नापतौल प्रणाली अत्यन्त आवश्यक हुन्छ। व्यापारीले कम तौल दिने वा गुणस्तरहीन नाप्ने-तौलने उपकरण प्रयोग गर्ने हो भने त्यसको प्रत्यक्ष मारमा उपभोक्ता पर्छन्। त्यसैले नापतौलमा हुने अनियमितता नियन्त्रण गर्नु राज्यको नियमित दायित्व हो।

गुणस्तर तथा नापतौल कार्यालय धनुषाले आर्थिक वर्ष २०८२/०८३ मा २ हजार ३५३ फर्मलाई कारबाही गरी २२ लाख १६ हजार ११० रुपैयाँ जरिवाना गरेको तथ्यले बजारमा नापतौलसम्बन्धी समस्या अझै गम्भीर रहेको देखाउँछ। कार्यालयको क्षेत्राधिकारभित्र पर्ने धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र रामेछापमा गरिएको अनुगमनका क्रममा अनुमति नलिई ढक-तराजु प्रयोग गर्ने, नापतौलका उपकरण जाँच नगराउनेलगायतका कमजोरी भेटिनु चिन्ताको विषय हो।

अझ अघिल्लो आर्थिक वर्षमा २ हजार ४३ फर्मलाई कारबाही गरी २२ लाख ६० हजार ४ सय रुपैयाँ जरिवाना गरिएको थियो। लगातार ठूलो संख्यामा फर्म कारबाहीमा पर्नुले केवल जरिवाना गरेर मात्र समस्या समाधान नहुने स्पष्ट हुन्छ। व्यापारीलाई नापतौलसम्बन्धी कानुनी प्रावधानबारे पर्याप्त जानकारी दिने, नियमित जाँच गर्ने र जानाजानी उपभोक्तालाई ठगी गर्ने प्रवृत्तिमाथि कडा कारबाही गर्ने नीति आवश्यक छ।

कार्यालयले २ हजार ८ सय व्यापारीका नापतौल तथा नाप्ने-तोल्ने यन्त्र जाँच गर्नुका साथै १ हजार २७८ नयाँ फर्मलाई अनुमति दिएको छ। घरदैलोमै पुगेर सेवा प्रदान गर्दा अनुमति लिने व्यवसायीको संख्या बढ्नु सकारात्मक संकेत हो। त्यस्तै, पाँच जिल्लामा घुम्ती सेवा सञ्चालन, जनचेतनामूलक कार्यक्रम र प्रभावकारी अनुगमन गर्ने प्रयास पनि प्रशंसनीय छन्।

आर्थिक वर्ष २०८२/०८३ मा कार्यालयले विभिन्न शीर्षकमा ५५ लाख ८३ हजार ७१४ रुपैयाँ राजस्व संकलन गरेको छ। विगतमा वार्षिक ३५ देखि ४० लाख रुपैयाँसम्म मात्र राजस्व संकलन हुने गरेकोमा यसपटक राजस्व वृद्धि हुनु अनुगमन र सेवा विस्तारको प्रभावका रूपमा लिन सकिन्छ।

तर कार्यालयसँग पर्याप्त स्रोतसाधन नहुनु गम्भीर समस्या हो। पाँच जिल्लामा कार्यक्षेत्र विस्तारिएको कार्यालयसँग आफ्नै सवारीसाधनसमेत नहुँदा नियमित तथा प्रभावकारी अनुगमनमा कठिनाइ हुनु स्वाभाविक हो। स्थानीय तहसम्म घुम्ती सेवा पुऱ्याउन सवारीसाधन र पर्याप्त बजेटको अभाव हुनु राज्यको सेवा प्रवाहप्रतिको प्राथमिकतामाथि नै प्रश्न हो।

नापतौल कार्यालयलाई जरिवाना असुल्ने निकायका रूपमा मात्र हेर्नु हुँदैन। यसको मुख्य उद्देश्य बजारमा स्वच्छ कारोबारको वातावरण निर्माण गर्नु र उपभोक्ताको अधिकार संरक्षण गर्नु हो। त्यसका लागि कार्यालयलाई आवश्यक जनशक्ति, सवारीसाधन, बजेट र प्रविधियुक्त उपकरण उपलब्ध गराउन सम्बन्धित निकाय गम्भीर हुनुपर्छ।

साथै, व्यापारीले पनि नापतौलसम्बन्धी कानुन पालना गर्नु आफ्नो जिम्मेवारी हो भन्ने बुझ्न आवश्यक छ। ढक-तराजु तथा अन्य नाप्ने-तोल्ने उपकरण नियमित रूपमा जाँच गराउने, अनुमति लिनुपर्ने भए अनुमति लिने र उपभोक्तालाई सही परिमाणमा वस्तु उपलब्ध गराउने संस्कार विकास गर्नुपर्छ।

बजारमा उपभोक्ताको विश्वास कायम गर्न सही नापतौल आधारभूत शर्त हो। त्यसैले अनुगमनलाई मौसमी र कारबाहीमुखी मात्र नभई नियमित, प्रविधिमैत्री र परिणाममुखी बनाउँदै नापतौलमा हुने ठगी पूर्णतः नियन्त्रण गर्ने दिशामा सरकार र सम्बन्धित कार्यालय अघि बढ्नुपर्छ।

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

# सुकुमवासी समाधानको वैकल्पिक बाटो



डा. दिपेश घिमिरे

नेपालमा सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या वर्षौंदेखि बल्झिरहेको छ। वर्तमान सरकार गठनसँगै देशभरका नदी किनारामा बसोबास गर्ने सुकुमवासी तथा अव्यवस्थित बसोबासी बस्ती हटाएपछि यो समस्याले राष्ट्रिय बहसको रूप लिएको छ।

राज्यले तत्काल कुनै पनि विकल्प नदिई र न्यूनतम मानवीयतालाई समेत ख्याल नगरी यस्ता बस्तीमा जबर्जस्ती डोजर चलायो। वैकल्पिक व्यवस्था गरी अतिक्रमण नियन्त्रण गरेको भए नागरिकले शासनमा करुणाभावको अनुभूति गर्ने थिए।

तर त्यस्तो भएन। नागरिकको आधारभूत अधिकारलाई समेत ख्याल नगरी सार्वजनिक जग्गा संरक्षण, नदी, सडक तथा जोखिम क्षेत्र अतिक्रमण नियन्त्रण गर्ने कार्य गऱ्यो। यसपछि वास्तविक सुकुमवासीको पहिचान गरी उनीहरूलाई भूमि उपलब्ध गराउनको लागि नेपाल सरकारले भूमि समस्या समाधान समिति गठन गरेको छ।

अब कुरा उठ्छ यसरी बलपूर्वक हटाइएका सुकुमवासीलाई केही आना जग्गा उपलब्ध गराउने नीतिले दशकौंदेखि जरा गाडेको यो समस्याको दीर्घकालीन समाधान गर्न सक्छ ?

नेपालमा विगत लामो समयदेखि सुकुमवासी समस्या समाधानका प्रयत्नहरू भइरहेका छन्। यसक्रममा दर्जनौं आयोग गठन भए। तथ्यांक संकलन भए। जग्गा वितरणका कार्यक्रमहरू सञ्चालन भए। तर समस्या जस्ताको तस्तै छ। कुनै समाधानमा पुग्न सकेन।

यसको खास कारण भनेको राज्यले सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्यालाई पूर्ण रूपमा भूमि समस्याका रूपमा मात्र लिनु रहेको छ। यो त बसाइँसराइ, शहरीकरण, सामाजिक बहिष्करण, गरिबी, आवास सुरक्षा, आन्तरिक द्वन्द्व विस्थापन र सामाजिक न्यायसँग सम्बन्धित बहुआयामिक समस्या हो।

सुकुमवासी भनेको जग्गा नभएको व्यक्ति मात्र होइन। ऊ त राज्यको औपचारिक आवास प्रणालीबाट बाहिर परेको, अनौपचारिक श्रम बजारमा निर्भर रहेको, आर्थिक अवसरको खोजीमा शहर आएको, विगतमा आन्तरिक द्वन्द्वको कारण विस्थापनमा परेको, गरिबीको अवस्था भोगिरहेको तथा सामाजिक सुरक्षाको अभावमा रहेको नागरिक हो।

त्यसैले यसको समाधान पनि कसलाई कति जग्गा दिने भन्ने प्रश्नबाट नभई हरेक नागरिकलाई कसरी सम्मानजनक, सुरक्षित र दिगो आवासको सुनिश्चितता गर्ने भन्ने प्रश्नबाट खोजिनु आवश्यक छ।

नेपालको संविधानको धारा ३७ ले आवासको अधिकारलाई मौलिक हकको रूपमा सुनिश्चित गरेको छ। संविधानको उक्त धाराले प्रत्येक नेपाली नागरिकलाई उपयुक्त आवासको अधिकार प्रदान गरेको छ। तर संविधानमा भूमि सम्बन्धी हक छैन।

न त प्रत्येक नागरिकलाई निश्चित क्षेत्रफलको जग्गा उपलब्ध गराउने वा राज्यले अनिवार्य रूपमा भूमि स्वामित्व दिनुपर्ने व्यवस्था नै गरेको छ। यसको सिधा अर्थ हो राज्यको मुख्य जिम्मेवारी र दायित्व भनेको नागरिकलाई सुरक्षित तथा मर्यादित आवास उपलब्ध गराउनु रहेको छ। आवास अधिकारको अन्तर्राष्ट्रिय दृष्टिकोण तथा मान्यताले पनि यसै कुरामा जोड दिएको देखिन्छ।

संयुक्त राष्ट्रसंघको पर्याप्त आवासको अधिकार सम्बन्धी अवधारणाले आवास भन्नाले केवल बस्ने ठाउँ मात्र नभई सुरक्षा, पहुँच, सेवासुविधा, सामाजिक सम्मान र रोजगारीसँगको सम्बन्ध पनि समेटिएको छ। यस दृष्टिकोणलाई आधार मान्ने हो भने नेपालमा सुकुमवासी तथा अव्यवस्थित बसोबासीको बहसलाई भूमि वितरण मोडलबाट सुरक्षित आवास मोडलतर्फ लैजान अत्यावश्यक छ।

नेपालका ग्रामीण क्षेत्रका कतिपय भूमिहीन परिवारलाई जीविकोपार्जनसँग जोडिएको जग्गा सहित आवास उपलब्ध गराउनु उपयुक्त मोडल हुन सक्छ। यद्यपि उनीहरूलाई नागरिकता अनुसार सम्बन्धित जिल्ला फिर्ता गर्ने नीति पनि अत्यन्तै अव्यावहारिक छ।

यसले झन् समस्या बल्झाउँछ, समाधान दिँदैन। साथै काठमाडौं महानगरपालिका जस्ता शहरी क्षेत्रमा बसोबास गर्ने सबै भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई केही आना जग्गा वितरण गर्ने नीति आफैंमा अत्यन्तै अव्यावहारिक देखिन्छ। यसको पछाडि केही कारण छन्:

पहिलो, काठमाडौं जस्ता शहरी क्षेत्रमा भूमि अत्यन्तै सीमित छ। सरकारी सार्वजनिक जग्गाको कमी छ भने निजी जग्गाको मूल्य अत्यन्तै महँगो छ। सयौं परिवारलाई छुट्टाछुट्टै घडेरी नै मात्र पनि उपलब्ध गराउन ठूलो मात्रामा सार्वजनिक भूमि आवश्यक पर्ने देखिन्छ। झन् जीविकोपार्जन सहित हुने गरी जग्गा उपलब्ध गराउने हो भने सम्भव नै छैन। दोस्रो, शहरभित्र तीन-चार आनाका टुक्रे जग्गा उपलब्ध गराउने हो भने यसले शहरको अनियन्त्रित विस्तारलाई झनै बढावा दिन्छ।

तेस्रो, यसले भविष्यमा फेरि सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्यालाई नयाँ किसिमबाट पुनरुत्पादन गर्दछ।

चौथो, शहरको बीचमा राज्यले जग्गा दिन नसक्ने, शहरको कुनामा दिएको जग्गासँग रोजगारीको अभावको कारण सुकुमवासी बस्न नसक्ने नियति दोहोरिन सक्छ।

पाँचौं, जग्गा दिएर मात्र सुकुमवासीले आर्थिक कारणले घर बनाउन सक्ने अवस्था पनि नरहन सक्छ। जग्गा दिएर पनि उनीहरूको आवासको अधिकार सुनिश्चित हुने देखिँदैन। यसरी हेर्दा काठमाडौं सहितका प्रमुख शहरी क्षेत्रका सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानको आधार जग्गा स्वामित्व होइन, सुरक्षित आवास पहुँच सुनिश्चित गरिनु आवश्यक छ।

***पहिचानको समस्या***

वास्तवमा सुकुमवासी पहिचान नै अहिलेको सबैभन्दा जटिल समस्या हो। वाध्यतावश सार्वजनिक जग्गामा बसोबास गर्न पुगेका, वास्तविक सुकुमवासी भूमिहीन, अवसरवादी रूपमा सार्वजनिक जग्गा कब्जा गर्ने समूहलाई नछुट्याएसम्म यो कार्य अगाडि नै बढ्न सक्दैन। यस कार्यका लागि केवल नागरिकता वा बसोबासको अवधि मात्रै पर्याप्त हुँदैन।

बरु यसको लागि बहुआयामिक गरिबी मूल्यांकन आवश्यक हुन्छ। यस अन्तर्गत परिवारको सामाजिक जोखिमको अवस्था, रोजगारीको अवस्था, वार्षिक आम्दानी, अन्यत्र घर वा जग्गा भए/नभएको, बैंक बचतको अवस्था, आवासको अवस्था, स्वास्थ्य तथा शिक्षाको पहुँचको अवस्था लगायत सवालहरूको मिहिन रूपमा मूल्यांकन गर्नुपर्ने हुन्छ।

विशेषगरी दलित, एकल महिला, अपांगता भएका व्यक्ति, अत्यन्त विपन्न परिवार, आदिवासी जनजाति, ज्येष्ठ नागरिक लगायतलाई पहिचानको क्रममा प्राथमिकतामा राख्न आवश्यक हुन्छ।

सुकुमवासी समस्या समाधानमा विगतको सबैभन्दा कमजोरी भनेको विश्वसनीय तथ्यांकको अभाव हो। त्यसैले सरकार यसको समाधान चाहन्छ भने डिजिटल र पारदर्शी पहिचान प्रणालीको विकास गर्नुपर्दछ।

राष्ट्रिय परिचयपत्र प्रणाली, बैंकिङ सूचनासँग समन्वय, सामाजिक सुरक्षा प्रणाली, नागरिकता वितरण, वायोमेटिक तथ्यांक, मालपोत तथा नापी अभिलेख लगायत कार्यहरूमा विशेष ध्यान दिनु जरुरी छ।

खासगरी स्थानीय तहको सहभागितामा वडा कार्यालय, स्थानीय टोल विकास संस्था तथा समुदायको सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रम मार्फत वास्तविक लाभग्राही पहिचान गरिनुपर्दछ। यसरी पहिचान गरिएको अन्तिम सूची सार्वजनिक गरी नागरिकलाई उजुरी गर्न मिल्ने अवसर पनि दिइनुपर्दछ।

यो ग्रामीण क्षेत्रको लागि उपलब्ध दृष्टिकोण हो। शहरी क्षेत्रमा यसरी जग्गा वितरण गर्नु भन्दा सामाजिक आवासको मोडलमा जानु उपयुक्त हुन्छ। यसका पछाडि केही कारण रहेका छन्:

पहिलो, काठमाडौं लगायत शहरी क्षेत्रमा सार्वजनिक जग्गाको अभाव रहेको छ। शहरी क्षेत्रमा खाली भूमि सीमित भएकाले भर्टिकल विकास आवश्यक हुन्छ। थोरै जग्गामा अग्ला सामाजिक आवासका लागि अपार्टमेन्टहरू बनाउने र धेरै परिवारलाई सुरक्षित र व्यवस्थित ढंगले मर्यादापूर्वक बसोबास गर्ने व्यवस्था मिलाउनु आवश्यक छ।

दोस्रो, राज्यको क्षमतालाई ध्यान दिने हो भने विकास पूर्वाधारको लागत घटाउनु जरुरी छ। एउटै भवनमा खानेपानी, बिजुली, ढल, इन्टरनेट, सुरक्षा, फोहोर व्यवस्थापन लगायत सेवा-सुविधा उपलब्ध गराउन सजिलो हुन्छ।

तेस्रो र महत्वपूर्ण सवाल भनेको रोजगारीको संरक्षण हो। काठमाडौं लगायत अधिकांश शहरी क्षेत्रका धेरै सुकुमवासी तथा अव्यवस्थित बसोबासी परिवार शहरको अनौपचारिक अर्थतन्त्रको मेरुदण्ड नै हुन्। उनीहरूलाई शहरबाट धेरै टाढा स्थानान्तरण गर्दा उनीहरूको रोजगारी गुम्ने, यातायात खर्च बढ्ने, सामाजिक सम्बन्ध कमजोर हुने लगायत विभिन्न समस्या आउँछन्। शहरले पनि अनौपचारिक कामदारलाई महँगो मूल्य तिर्नुपर्ने हुन्छ।

यसैले सुकुमवासी र अव्यवस्थित बसोबासीलाई विगतमा उनीहरू बसोबास गरिरहेको क्षेत्रमै वा त्यसको नजिकै वा रोजगारी केन्द्रसँग जोडिएको स्थानमा बहुतले सामाजिक आवास भवनहरू निर्माण गरी व्यवस्थित गरिनु उपयुक्त हुन्छ।

सामाजिक आवास निर्माणको कार्य नेपाल सरकारले मात्र पनि गर्नुपर्दैन। यसको लागि कानूनी र नीतिगत व्यवस्था सरकारले गर्ने हो भने सार्वजनिक निजी साझेदारी मोडल मार्फत यस्ता सामाजिक आवास भवनहरू निर्माण गरी सञ्चालन गर्न सकिन्छ।

यसको लागि सरकारले आवश्यक नीति, कानून र मापदण्ड बनाउने, आवश्यक जग्गा व्यवस्थापन, वास्तविक लाभग्राही पहिचान र आवश्यक अनुदान तथा सहुलियत प्रदान गर्ने हो भने निजी क्षेत्रले अपार्टमेन्ट निर्माण, प्राविधिक व्यवस्थापन तथा मर्मतसम्भारको काम गर्न सक्दछन्।

यसैगरी लाभग्राही परिवारले पनि न्यूनतम मासिक योगदान वा सहुलियत भाडा प्रणाली मार्फत आवासलाई प्रयोग गर्न सक्छन्। यसरी राज्यको लागतलाई घटाएर नागरिकलाई संविधानप्रदत्त आवासको अधिकार सुनिश्चित गर्न सकिन्छ। संसारका धेरै देशले न्यून आम्दानी भएका, गरिब तथा भूमिहीन नागरिकको समस्या समाधानका लागि जग्गा वितरण नभई सामाजिक आवासको अवधारणा अगाडि ल्याएका छन्। सिंगापुर सरकारले हाउजिङ डेभलपमेन्ट बोर्ड मार्फत नागरिकलाई व्यवस्थित सामाजिक आवास उपलब्ध गराएको छ।

आवाससँग स्वास्थ्य, शिक्षा, पार्क, यातायात लगायत सेवा-सुविधा पनि यसमा जोडिएको छ। यसैगरी ब्राजिलको 'मिन्हा कासा मिन्हा भिदा' कार्यक्रम मार्फत न्यून आय भएका परिवारका लागि सहुलियतपूर्ण वित्तीय सुविधा तथा अनुदान सहित आवास सुविधा उपलब्ध गराएको छ। यसैगरी, थाइल्याण्डको बान मानकोङ कार्यक्रम मार्फत समुदायमा आधारित आवास सुधारको कार्यक्रमलाई सहकारी मोडलमा सञ्चालन गरेको छ। यी र यस्ता उदाहरणबाट नेपालले पनि सामाजिक, आर्थिक, सांस्कृतिक तथा भौगोलिक अवस्था अनुसार यस्ता अनुभवबाट सिक्न सक्दछ। भूमि वितरण भन्दा सामाजिक आवासको यी अनुभव नेपालको लागि पनि महत्वपूर्ण सन्दर्भ सामग्री हुन सक्दछन्।

यसर्थ नेपालमा पनि सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान गर्नको लागि शहरी क्षेत्रमा भूमि वितरण गर्ने परम्परा भन्दा माथि उठेर राष्ट्रिय आवास नीति बनाउन आवश्यक छ।

उक्त नीतिले सामाजिक आवास कार्यक्रम तय गर्ने, न्यूनतम लागतमा सुरक्षित आवासको व्यवस्था गर्ने, सुकुमवासी तथा विपन्न वर्गको लागि रोजगारीका अवसर भएकै स्थानमा न्यून भाडामा आवास उपलब्ध गराउने, सार्वजनिक निजी साझेदारीको व्यवस्था तथा जोखिम क्षेत्रको बसोबास नियन्त्रण गर्ने लगायत सवाल समेटिनुपर्दछ।

अन्त्यमा, सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानको केन्द्रमा भूमि नभई मानवलाई राखिनुपर्दछ। अहिलेसम्म नेपालमा सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधानका लागि कसलाई कति जग्गा दिने भन्नेमा केन्द्रित भएर छलफल भएका थिए। यसले वर्षौंदेखि समाधान दिन सकेन। त्यसैले अब हरेक नागरिकलाई कसरी सुरक्षित, सम्मानजनक र रोजगारी सहितको आवास उपलब्ध गराउने भन्नेमा केन्द्रित हुनुपर्दछ। हिजोको दिनमा नागार्जुनमा निर्माण गरिएका अपार्टमेन्टमा सुकुमवासी नजानुको कारण रोजगारीको अभाव थियो। रोजगारीको अवसर नभएको स्थानमा जतिसुकै धेरै जग्गा र सुविधा दिए पनि फेरि पनि सुकुमवासी तथा अव्यवस्थित बसोबासीहरू जाने र बसोबास गर्ने सम्भावना छैन।

त्यसैले ग्रामीण क्षेत्रमा जीविकोपार्जनसँग जोडिएको जग्गा सहित आवास उपयुक्त हुन सक्छ। नगर क्षेत्रमा सीमित घडेरी सहितको आवास ठिकै हुन सक्छ। तर काठमाडौं महानगरपालिका लगायत शहरी क्षेत्रमा रोजगारीको क्षेत्र नजिककै सार्वजनिक निजी साझेदारीमा आधारित सामाजिक आवास मोडल नै व्यावहारिक र दिगो विकल्प हो।

यसले एकातर्फ सुकुमवासी समस्या समाधान गर्दछ भने अर्कोतर्फ शहरको श्रमशक्तिको संरक्षण गर्दछ, सामाजिक न्यायलाई प्रवर्द्धन गर्दछ, सार्वजनिक भूमि जोगाउँदछ र दीर्घकालीन रूपमा राज्यको आर्थिक भारलाई घटाउँदछ।

त्यसैले सुकुमवासी तथा अव्यवस्थित बसोबासीको समस्या समाधान भनेको भूमि वितरण जस्ता राजनीतिक कार्यक्रम भन्दा पनि नागरिकको आवासको संवैधानिक हकको सुनिश्चितता गर्ने सामाजिक न्यायको कार्यक्रम हो। नेपालले अब साना टुक्रे जग्गा वितरण गर्ने भन्दा पनि सुरक्षित भविष्य निर्माण गर्ने सुविधा सहितको सामाजिक आवासको नीति अपनाउने समय आएको छ।

# इनर्जी ड्रिंक्स सेवन गर्ने बानी छ ?
# निम्तिन सक्छन् यस्ता स्वास्थ्य समस्या

इनर्जी ड्रिंक्स भनेका सतर्कता र ऊर्जा बढाउने उद्देश्यले बनाइएका पेय पदार्थ हुन्। यिनमा सामान्यतया निम्न सामग्रीको संयोजन हुन्छः



- भिटामिन बी र अन्य थपिएका पदार्थ
- उच्च मात्रामा क्याफिन
- टाउरिन, ग्वाराना र जिन्सेङजस्ता उत्तेजक पदार्थ
- चिनी वा कृत्रिम मिठास

कफी वा चियाको तुलनामा इनर्जी ड्रिंक्सको एउटै क्यान वा बोतलमा धेरै मात्रामा क्याफिन हुन सक्छ, जुन कहिलेकाहीँ धेरै कप कफी बराबर हुन्छ। कतिपय इनर्जी ड्रिंक्सको एउटै कन्टेनरमा एकभन्दा बढी 'सर्भिङ' हुन्छन्। त्यसैले आफूले सोचेभन्दा धेरै क्याफिन सेवन गर्न पुगिन्छ।

कतिपय इनर्जी ड्रिंक्सले प्राकृतिक वा स्वास्थ्यका लागि राम्रो सामग्री भएको दाबी गर्छन्, तर त्यस्तो दाबी सही होइनन्।

*१ मुटुको स्वास्थ्य*

उच्च मात्रामा क्याफिन र उत्तेजक पदार्थले मुटुलाई विशेष रूपमा असर गर्न सक्छ। इनर्जी ड्रिंक्स सेवन गरेपछि क्याफिन छिट्टै रक्तप्रवाहमा पुग्छ र मुटुमा रहेका रिसेप्टरलाई उत्तेजित गर्छ। यसले मुटु कति छिटो र कति बलियोसँग धड्किन्छ भन्नेमा असर पार्न सक्छ। तपाईंलाई मुटु ढुकढुक भएको वा मुटुको धड्कन असामान्य भएको महसुस हुन सक्छ, जसलाई एरिदमिया भनिन्छ।

क्याफिन सेवनले रक्तचाप बढाउन सक्छ, कहिलेकाहीँ उल्लेखनीय रूपमा। लामो समयसम्म उच्च रक्तचाप रहँदा हृदयाघात, स्ट्रोक वा हृदय विफलताको जोखिम बढ्न सक्छ।

यी प्रभाव उमेरका आधारमा मात्र सीमित हुँदैनन्। युवा तथा अन्यथा स्वस्थ मानिसहरूले पनि धेरै इनर्जी ड्रिंक्स सेवन गरेपछि आपत्कालीन उपचार आवश्यक पर्ने अवस्था सामना गरेका छन्।

*२ स्नायु प्रणाली*

धेरै मात्रामा क्याफिन सेवन गर्दा स्नायु प्रणाली अत्यधिक उत्तेजित हुन सक्छ। यसले एन्जाइटी, हातखुट्टा काँप्ने, बेचैनी वा प्यानिक अट्याकजस्ता समस्या निम्त्याउन सक्छ।

इनर्जी ड्रिंक्सले सामान्य निद्राको चक्रमा पनि असर गर्न सक्छ, दिनको सुरुवातमा सेवन गरे पनि। पर्याप्त निद्रा नहुँदा शरीरलाई पुनःस्थापित हुन, हर्मोन नियमन गर्न र ऊर्जा सन्तुलित राख्न कठिन हुन्छ। त्यसपछि दिनभर काम गर्न फेरि इनर्जी ड्रिंक्समा भर पर्नुपर्ने अवस्था आउन सक्छ, जसले यस्तो चक्र तोड्न कठिन बनाउँछ।

*३ पाचन प्रणाली र मेटाबोलिज्म*

इनर्जी ड्रिंक्सले पाचन प्रणालीमा समस्या निम्त्याउन सक्छ। यसले वाकवाकी, एसिड रिफ्लक्स र डिहाइड्रेसन गराउन सक्छ। रगतमा चिनीको मात्रा अचानक बढेपछि त्यसपछि ऊर्जा अचानक घट्न सक्छ।

रगतमा चिनीको मात्रा पटक-पटक बढिरहँदा टाइप-२ मधुमेहजस्ता मेटाबोलिक समस्याको जोखिम बढ्न सक्छ।

*४ मस्तिष्क र मानसिक स्वास्थ्य*

उत्तेजक पदार्थले तपाईंको मनोदशा, ध्यान केन्द्रित गर्ने क्षमता र भावनात्मक नियन्त्रणमा असर पार्न सक्छ। तपाईंलाई बढी चिडचिडापन वा बेचैनी महसुस हुन सक्छ।

बारम्बार इनर्जी ड्रिंक्स सेवन गर्दा क्याफिनमा निर्भरता हुन सक्छ। यसको प्रभाव कम भएपछि टाउको दुख्ने तथा अन्य विथड्रअल लक्षण देखिन सक्छन्।

*५ मिर्गौला*

क्याफिनले शरीरबाट तरल पदार्थको कमी बढाउन सक्छ। विशेषगरी कडा शारीरिक गतिविधिका क्रममा पानीको सट्टा इनर्जी ड्रिंक्स सेवन गर्दा डिहाइड्रेसन हुन सक्छ, जसले मिर्गौलामा थप दबाब पार्न सक्छ।

*कति मात्रालाई धेरै मानिन्छ?*

अधिकांश स्वस्थ वयस्कका लागि एफडीएले सामान्यतया दिनमा ४०० मिलिग्रामभन्दा बढी क्याफिन सेवन नगर्न सिफारिस गर्छ। तर इनर्जी ड्रिंक्सको लेबल हेर्दा यो मात्रा धेरै हुन्छ।

कतिपय इनर्जी ड्रिंक्सको एउटै क्यानमा २०० देखि ३०० मिलिग्रामसम्म क्याफिन हुन्छ। एकभन्दा बढी क्यान पिउँदा वा कफी तथा अन्य क्याफिनयुक्त उत्पादनसँगै सेवन गर्दा तपाईं सुरक्षित सीमाभन्दा धेरै माथि पुग्न सक्नुहुन्छ।

निम्न समूहका मानिसले इनर्जी ड्रिंक्स सेवन गर्दा विशेष सावधानी अपनाउनुपर्छ वा पूर्ण रूपमा बेवास्ता गर्नुपर्छः

- क्याफिन पाचन क्षमता कम भएका व्यक्ति
- मुटुरोग, उच्च रक्तचाप वा एन्जाइटी डिसअर्डर भएका व्यक्ति
- गर्भवती वा स्तनपान गराइरहेका व्यक्ति
- किशोरकिशोरी तथा बालबालिका

तपाईंको शरीरले धेरै क्याफिन सेवन भएको संकेत दिन सक्छ। निम्नमध्ये कुनै लक्षण देखिएमा क्याफिन सेवन रोक्नुहोस् र चिकित्सकीय सल्लाह लिनुहोस:

- छाती दुख्नु
- चक्कर लाग्नु वा बेहोस हुनु
- लगातार टाउको दुख्नु
- मुटु तीव्र वा अनियमित रूपमा धड्किनु
- अत्यधिक थकान हुँदाहुँदै पनि निदाउन कठिन हुनु

*इनर्जी ड्रिंक्सका स्वस्थ विकल्प*

यदि तपाईंलाई ऊर्जा बढाउने तर शरीरका लागि तुलनात्मक रूपमा सुरक्षित उपाय चाहिएको छ भने आफ्नो चिकित्सकसँग कुरा गर्नुहोस्। ऊर्जा स्तर सुधार गर्न र शरीरमा अत्यधिक उत्तेजना नल्याउन तपाईंले निम्न उपाय अपनाउन सक्नुहुन्छः

निद्रालाई प्राथमिकता दिनुहोस् - तपाईंले दैनिक कति ऊर्जावान महसुस गर्नुहुन्छ भन्नेमा नियमित र पर्याप्त निद्राको ठूलो भूमिका हुन्छ। अधिकांश वयस्कलाई हरेक रात करिब आठ घण्टा निद्रा आवश्यक पर्छ। विशेषगरी लामो दिनमा २० मिनेटको छोटो पावर न्यापले पनि मद्दत गर्न सक्छ।

कम क्याफिन भएका पेय रोज्नुहोस् - सीमित मात्रामा कफी, चिया वा माचा सेवन गर्दा तुलनात्मक रूपमा सहज तरिकाले ऊर्जा बढाउन सकिन्छ। थपिएको चिनी, कृत्रिम मिठास र इनर्जी ड्रिंक्समा सामान्यतया पाइने अन्य पदार्थ कम गर्न आफ्नो पेयलाई हल्का बनाउन सकिन्छ।

प्राकृतिक रूपमा शरीरलाई पोषण दिनुहोस् - प्रोटिन र जटिल कार्बोहाइड्रेटयुक्त सन्तुलित खाना खानुहोस् र प्रशस्त पानी पिउनुहोस्।

नियमित व्यायाम गर्नुहोस् - नियमित शारीरिक गतिविधिले ऊर्जा स्तरलाई स्थिर राख्न र समग्र स्वास्थ्य सुधार गर्न मद्दत गर्छ। दिनभर लामो समयसम्म निष्क्रिय रहँदा थकान महसुस नहोस् भनेर बीच-बीचमा छोटो समय हिँडडुल वा शारीरिक गतिविधि गर्नुहोस्।

आवश्यक परे भिटामिनबारे विचार गर्नुहोस् - शरीरमा आइरन वा भिटामिन बीको कमी हुँदा ऊर्जा कम भएको महसुस हुन सक्छ। सप्लिमेन्ट आवश्यक छ कि छैन भन्ने कुरा स्वास्थ्य सेवा प्रदायकले परीक्षण तथा मूल्यांकनपछि निर्धारण गर्न सक्छन्। केही मानिसका लागि इनर्जी ड्रिंक्सले तत्काल ऊर्जा दिएको महसुस हुन सक्छ। तर थकानको वास्तविक कारण पहिचान गर्न सकेमा छोटो समयका लागि गरिने उपाय दीर्घकालीन बानी बन्नबाट रोक्न सकिन्छ। वास्तविक ऊर्जा क्यानबाट आउँदैन । आफ्नो स्वास्थ्यको राम्रो हेरचाहबाट आउँछ।

# कानुनले न्याय दिए पनि समाजले स्वीकार्दैनन् पीडित महिला

दैनिक समाचारदाता

जनकपुरधाम, २५ साउन । महिला हिंसाका घटनामा कानुनले न्याय दिए पनि समाजले पीडितलाई सहज रूपमा स्वीकार्न सकेको छैन। मधेश प्रदेशमा महिलामाथि हुने हिंसा घटना घटेसँगै अन्त्य हुँदैन, त्यसपछि सुरु हुन्छ न्याय, सुरक्षा र पुनःस्थापनाको लामो संघर्ष।

अन्तरजातीय सम्बन्धका कारण सामाजिक बहिष्कारमा परेकी महिला, बाल्यकालदेखि यौनशोषणमा परी किशोरावस्थामै आमा बनेकी बालिका र हिंसापछि कानुनी तथा सामाजिक सहाराको खोजीमा रहेका पीडितका कथाले मधेशमा महिला हिंसा केवल व्यक्तिगत वा पारिवारिक समस्या नभई जातीय विभेद, पितृसत्तात्मक सोच, दाइजो, बालविवाह र कमजोर पुनःस्थापना प्रणालीसँग जोडिएको संरचनागत समस्या रहेको देखाउँछन्।

धनुषाको एक गाउँपालिकामा बेवारिसे अवस्थामा फेला परेकी एक बालिकालाई मुसहर समुदायका एक दम्पतीले संरक्षणमा लिएर हुर्काएका थिए। तर, आठ वर्षको उमेरदेखि निरन्तर यौनशोषणमा परेकी ती बालिका १३ वर्षको उमेरमा गर्भवती भएपछि मात्र घटना सार्वजनिक भयो।

घटना सार्वजनिक भएपछि सम्बन्धित वडा कार्यालयको पहलमा राष्ट्रिय मानवअधिकार आयोगलाई जानकारी गराइएको थियो। प्रहरीको समन्वयमा २०७७ माघ १७ गते बालिकालाई महिला पुनःस्थापना केन्द्र (ओरेक) को सुरक्षित आवासमा ल्याई आवश्यक संरक्षण तथा सेवा प्रदान गरिएको थियो।

ओरेकको पहलमा प्रभावित बालिकाको जन्मदर्ता, नागरिकतालगायत कानुनी अधिकारसमेत सुनिश्चित गरिएको छ। हाल उहाँकी छोरी काठमाडौंस्थित एक संस्थामा अध्ययनरत हुनुहुन्छ भने प्रभावित बालिका आत्मनिर्भर भएर जीवनयापन गर्न सीपमूलक तालिम लिइरहनुभएको छ।

यस्तै, धनुषाकी २० वर्षीया 'शान्ति' (परिवर्तित नाम) र २१ वर्षीय 'राम' (परिवर्तित नाम) बीचको प्रेम सम्बन्ध परिवारले अस्वीकार गरेपछि उनीहरू सामाजिक दबाबका कारण पटक-पटक घर छोड्न बाध्य भए। पछि राम सम्पर्कविहीन भई वैदेशिक रोजगारीमा गएको खुलेपछि गर्भवती अवस्थामा रहेकी शान्ति विभिन्न निकायको समन्वयमा ओरेकको सुरक्षित आवासमा पुग्नुभएको थियो।

सुरक्षित आवासमै उहाँले छोरीलाई जन्म दिनुभयो। अदालतबाट राम र शान्तिबीच नाता कायम भए पनि रामले अन्यत्र विवाह गरिसकेका कारण शान्तिको न्यायप्राप्तिको कानुनी प्रक्रिया अझै जारी छ।

महोत्तरीकी १९ वर्षीया रेश्मा (परिवर्तित नाम) अन्तरजातीय प्रेम गरेकै कारण परिवार र प्रेमीबाट अस्वीकार हुनुभयो। गर्भवती अवस्थामा बजारको होटलमा अलपत्र पारिएकी उहाँलाई जिल्ला प्रहरी कार्यालय र ओरेकको सुरक्षित आवासको संरक्षणमा ल्याइएको थियो। त्यहीँ उहाँले सन्तानलाई जन्म दिनुभयो।

दुई वर्ष बितिसक्दा पनि उहाँ सुरक्षित आवासमै हुनुहुन्छ। नाता कायम र जातीय विभेदसम्बन्धी मुद्दा अदालतमा विचाराधीन छ।

यी तीन प्रतिनिधिमूलक घटनाले मधेश प्रदेशमा महिलामाथिको हिंसा व्यक्तिगत वा पारिवारिक विवाद मात्र नभई संरचनागत विभेदको परिणाम भएको देखाउँछन्। अन्तरजातीय सम्बन्ध अस्वीकार गर्ने सामाजिक मानसिकता, दाइजो प्रथा, बालविवाह, पितृसत्तात्मक सोच र आर्थिक निर्भरता महिलामाथिको हिंसालाई निरन्तरता दिने प्रमुख कारणका रूपमा देखिएका छन्।

कानुनी प्रक्रिया अघि बढे पनि धेरै महिलाले सामाजिक बहिष्कार, परिवारको अस्वीकार्यता र आर्थिक असुरक्षाका कारण सम्मानपूर्वक जीवनयापन गर्न सकेका छैनन्। उनीहरूका सन्तानसमेत शिक्षा, पहिचान, नागरिक अधिकार र सामाजिक स्वीकार्यताको संकटसँग जुधिरहेका छन्।

ओरेक मधेश प्रदेशकी प्रदेश संयोजक विणाकुमारी सिंहले महिलामाथिको हिंसालाई व्यक्तिगत वा कानुनी मुद्दाका रूपमा मात्र नभई मानवअधिकार, सामाजिक न्याय र राज्यको उत्तरदायित्वसँग जोडिएको सार्वजनिक सरोकारको विषयका रूपमा सम्बोधन गर्नुपर्ने बताउनुभयो।

उहाँले भन्नुभयो, "जातीय विभेद, दाइजो प्रथा, बालविवाह, पितृसत्तात्मक सोचलगायत हिंसाका मूल कारण रहेका विभेदकारी अभ्यासको अन्त्य गर्दै हिंसा प्रभावित महिलाको सुरक्षा, न्यायमा पहुँच, दीर्घकालीन पुनःस्थापना, आर्थिक सशक्तीकरण र सामाजिक पुनःएकीकरण सुनिश्चित गर्न संघीय, प्रदेश तथा स्थानीय सरकारले प्रभावकारी नीति, पर्याप्त स्रोत र जवाफदेही कार्यान्वयनलाई उच्च प्राथमिकता दिनुपर्छ।"

यसका लागि सबै सरोकारवाला निकायबीच प्रभावकारी समन्वय र जवाफदेही सहकार्य अपरिहार्य रहेको संयोजक सिंहको भनाइ छ। विगत छ महिनामा मधेशमा महिला हिंसाका घटना

ओरेक मधेश प्रदेशले सन् २०२६ को जनवरीदेखि जुनसम्म छ महिनाको अवधिमा २४३ वटा महिला हिंसाका घटना अभिलेखीकरण गरेको छ। तीमध्ये १३ वटा घटना स्थानीय सञ्चारमाध्यम र २३० वटा घटना धनुषा, महोत्तरी, सर्लाही र पर्साका महिला, युवा तथा किशोरी समूहबाट सङ्कलन गरिएका हुन्।

अभिलेखअनुसार सबैभन्दा बढी घरेलु हिंसाका १३६ (५५.९७ प्रतिशत) घटना छन्। त्यसपछि सामाजिक हिंसाका ३८, बहुविवाहका १४, यौन दुर्व्यवहारका १३ तथा महिला हत्या/आत्महत्याका ११ घटना रहेका छन्। बालविवाह, जबरजस्ती करणी उद्योग, बलात्कार, बोक्सीको आरोप, सामाजिक बहिष्कार, मानव बेचबिखनलगायतका घटनासमेत अभिलेखीकरण भएका छन्।

हिंसाका कारण विस्थापित महिला तथा किशोरीमध्ये धेरै सुरक्षित आवासमै आश्रित छन्। पछिल्लो दुई वर्षमा ओरेक धनुषाको सुरक्षित आवासमा १० जना हिंसा प्रभावित महिला तथा किशोरीले सन्तान जन्माएका छन्, जसमध्ये तीन जनाको मात्र पुनःस्थापना भएको छ। यस अवधिमा ५७ जना हिंसा प्रभावित महिलाले प्रत्यक्ष कानुनी सेवा पाएका छन्।

ओरेक मधेश प्रदेशका अनुसार सामाजिक बहिष्कार, आर्थिक निर्भरता, परिवार तथा समुदायको अस्वीकार्यता र दीर्घकालीन पुनःस्थापना कार्यक्रमको अभावका कारण धेरै महिला र उनीहरूका बालबालिका वर्षौंसम्म सुरक्षित आवासमै आश्रित भएर बस्न बाध्य छन्।

यस्तै, मधेश प्रदेश प्रहरी कार्यालयको तथ्याङ्कअनुसार २०८३ असारसम्म एक वर्षको अवधिमा मधेशका आठवटै जिल्लामा घरेलु हिंसाका पाँच हजार २२४ वटा घटना दर्ता भएका छन् भने महिला तथा बालबालिकासम्बन्धी ठाडो उजुरीको संख्या सात हजार ४७५ पुगेको छ।

मधेशका यी प्रतिनिधि घटनाले एउटा गम्भीर प्रश्न उठाएका छन्– कानुनले न्याय दिन सक्छ, तर समाजले कहिले स्वीकार गर्ने? जब सम्म जात, लिङ्ग र पितृसत्तात्मक सोचका आधारमा महिलाको अस्तित्वमाथि प्रश्न उठाइन्छ, तबसम्म रेश्मा, शान्ति र ती बालिकाजस्ता असंख्य महिलाको कथा बदलिने छैन। उनीहरूको संघर्ष व्यक्तिगत मात्र होइन, समानता र सम्मानपूर्ण जीवनको अधिकारका लागि समग्र समाजकै परीक्षा हो।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# ढल्केवरमै ट्रमा सेन्टर निर्माण हुने, ६ करोड विनियोजन

दैनिक समाचारदाता
जनकपुरधाम २५ साउन । धनुषाको मिथिला नगरपालिका-ढल्केवरमा क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणका लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले चालु आर्थिक वर्षमा ६ करोड रुपैयाँ विनियोजन गरेको छ।

ट्रमा सेन्टर अन्यत्र सार्ने हल्ला चलेपछि विगत केही दिनदेखि विभिन्न पक्षले ढल्केवरमा विरोध प्रदर्शन गर्दै आएका थिए। त्यसैबीच मन्त्रालयले ढल्केवरमै ट्रमा सेन्टर निर्माण हुने स्पष्ट पारेको हो।

मन्त्रालयका अनुसार धनुषाको ढल्केवरमा प्रदेशस्तरीय ट्रमा सेन्टर निर्माण हुनेछ भने सिरहाको लहानमा पाँच शय्याको ट्रमा युनिट मात्र स्थापना गरिनेछ।




आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रममा धनुषाको ढल्केवरमा ट्रमा सेन्टर स्थापना गर्ने घोषणा गरिएको थियो। वर्तमान सरकार गठन भएपछि गत जेठमा बसेको मन्त्रिपरिषद् बैठकले क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माणका लागि जग्गा प्राप्ति गर्ने निर्णय गरेको मन्त्रालयले जनाएको छ। पूर्व-पश्चिम राजमार्गमा हुने दुर्घटनामा परी गम्भीर घाइते हुनेहरूको तत्काल उपचारका लागि मधेश प्रदेशको केन्द्र ढल्केवरमा ट्रमा सेन्टर स्थापना गर्ने निर्णय नेपाल सरकारले गरेको हो।

# विश्वासको मत नपाउने भएपछि मुख्यमन्त्री शाहले राजीनामा दिने

दैनिक समाचारदाता
धनगढी २५ साउन । विश्वासको मत लिने तयारीमा रहेका सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले राजीनामा दिने भएका छन्।

मुख्यमन्त्री शाहले यही साउन २७ वा २८ गते राजीनामा दिने तयारी गरेको जानकारी दिनुभयो। प्रदेशसभामा विश्वासको मत पाउने अवस्था नरहेपछि उहाँले राजीनामा दिने तयारी गर्नुभएको हो।

विश्वासको मतका लागि आवश्यक बहुमत जुट्ने अवस्था नदेखिएपछि राजीनामा दिने निष्कर्षमा पुगेको मुख्यमन्त्री शाहले बताउनुभयो।

गत असार ३१ गते नेकपा (एमाले) ले सुदूरपश्चिम



सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री शाहको सरकार अल्पमतमा परेको थियो।

मुख्यमन्त्रीले राजीनामा दिएसँगै सुदूरपश्चिम प्रदेशमा नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्नेछ। नयाँ सरकार गठनका लागि नेकपा र एमालेबीच सहमति भइसकेको र नेकपाको नेतृत्वमा सरकार गठन हुने बताइएको छ।

# ग्यास आपूर्ति सहज बनाउन मधेशमा अनुगमन तीव्र

दैनिक समाचारदाता
जनकपुरधाम,२५ साउन । मधेश प्रदेशका जिल्लामा स्थानीय प्रशासनले ग्यासको आपूर्ति तथा वितरण सहज बनाउन अनुगमन तीव्र बनाएको छ।

बर्दीबास समाचारदाता रवीन्द्र उप्रेतीका अनुसार महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवको नेतृत्वमा खटिएको टोलीले शनिबार साँझसम्म जिल्लाका १५ वटै स्थानीय तहमा रहेका ११७ वटा ग्यास डिपोको स्थलगत अनुगमन गरेको छ। अनुगमनका क्रममा डिपोमा मौज्दात रहेका २८ हजार ७४५ वटा ग्यास सिलिन्डरमध्ये २३ हजार ९३६ वटा खाली अवस्थामा फेला परेका थिए। भरिएका सिलिन्डर भने जिल्लाभर एक हजार ३५३ वटा मात्रै पाइएको थियो।

प्रशासनले सार्वजनिक गरेको अनुगमन प्रतिवेदनअनुसार भरिएका सिलिन्डर सबैभन्दा बढी सीमावर्ती सम्सी गाउँपालिकामा २८८ थान मौज्दात थिए। सबैभन्दा कम बर्दीबासमा १० वटा मात्रै ग्याससहितका सिलिन्डर भेटिएका थिए।

प्रशासनका अनुसार जिल्लाका विभिन्न स्थानीय तहमा नेपाल, नारायणी, नोबेल, जगदम्बा, अम्बर, सुपर, प्रिमा, मनोज, कागमाया र लियोलगायत ब्राण्डका खाना पकाउने ग्यास कारोबार हुँदै आएको छ। जिल्लाभर करिब एक महिनादेखि ग्यासको चरम अभाव देखिए पनि अनुगमनका क्रममा कालोबजारी भएको नपाइएको प्रशासनको निष्कर्ष छ।

प्रमुख जिल्ला अधिकारी यादवले अनुगमनका क्रममा ग्यासको आपूर्ति तथा वितरणमा कुनै कैफियत नदेखिएको बताउनुभयो। उहाँका अनुसार डिपोमा आपूर्ति भएको ग्यास उपभोक्ताले सहज रूपमा प्राप्त गरिरहेको पाइएको छ।

अनुगमन टोलीमा सहभागी बर्दीबास नगरपालिकाका प्रतिनिधि पवनकुमार कार्कीले केही उपभोक्ताले आफ्नो नियमित आवश्यकताभन्दा




बढी ग्यास घरमै सञ्चय गरेर राख्ने गरेको बताउनुभयो। बर्दीबासस्थित इलाका प्रशासन कार्यालयका प्रमुख माधव न्यौपानेले उपभोक्ताले आवश्यकताभन्दा बढी ग्यास सञ्चय गर्दा बजारमा कृत्रिम अभाव सिर्जना हुन सक्ने भएकाले त्यस्तो नगर्न आग्रह गरिएको जानकारी दिनुभयो।

बर्दीबासस्थित एलपी ग्यास व्यवसायी सङ्घका अध्यक्ष सरोज श्रेष्ठले आफ्नो डिपोमा आइतबार बिहानसम्म आठ सय जनाको बुकिङ भइसकेको बताउनुभयो। उहाँका अनुसार शनिबार राति जगदम्बाको २०४ सिलिन्डर ग्यास आए पनि एक घण्टा नबित्दै सबै बिक्री भएको थियो।

सिन्धुली जिल्लाका दक्षिणी भेग तथा महोत्तरीसँग सीमा जोडिएका धनुषाका उपभोक्तासमेत ग्यासको अभाव टार्न बर्दीबास आउने गरेकाले एलपी ग्यासको माग र आपूर्तिबीच असन्तुलन देखिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो।

### *डिलरमा छड्के अनुगमन*

चन्द्रपुर समाचारदाता प्रवीणकुमार शर्माका अनुसार बजारमा ग्यासको अभाव देखिएपछि जिल्ला प्रशासन कार्यालय रौतहटले आपूर्ति तथा वितरण प्रणाली व्यवस्थित गर्न ग्यास डिलरमा नियमित अनुगमन सुरु गरेको छ।

जनताको गुनासो आएपछि शनिबारदेखि जिल्लाका विभिन्न ग्यास डिलरमा अनुगमन सुरु गरिएको रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले जानकारी दिनुभयो। उहाँको नेतृत्वमा गौर, गरुडा तथा चन्द्रनिगाहपुर क्षेत्रका ग्यास डिलरमा छड्के अनुगमन गरिएको जिल्ला प्रशासन कार्यालय रौतहटका नायब सुब्बा रामनरेश साहले बताउनुभयो।

उहाँका अनुसार जिल्लाका १७ वटा ग्यास डिलरमा अनुगमन गरिएको छ। अनुगमनका क्रममा अधिकांश ग्यास विक्रेताका स्टोरमा खाली सिलिन्डर मात्रै रहेको पाइएको थियो। मागअनुसार ग्यास उपलब्ध नभएकाले अभाव देखिएको जानकारी अनुगमन टोलीलाई गराइएको उहाँले बताउनुभयो।

अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी भुसालले ग्यास आपूर्ति भएपछि उपभोक्तालाई पारदर्शी, व्यवस्थित र सहज रूपमा वितरण गर्न डिलरलाई निर्देशन दिनुभएको छ। आपूर्ति भएको ग्यास उचित तरिकाले वितरण गर्न व्यवसायीलाई सचेत गराइएको जिल्ला प्रशासन कार्यालय रौतहटका प्रशासकीय अधिकृत मनिभूषण साहले बताउनुभयो।

### *बिक्री खाता अव्यवस्थित*

राजविराज समाचारदाता धीरेन्द्रप्रसाद साहका अनुसार सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवको नेतृत्वमा संयुक्त अनुगमन टोलीले पछिल्ला दुई दिनमा जिल्लाका विभिन्न स्थानमा रहेका ग्यास डिलर तथा सबडिलरको अनुगमन गरेको छ।

अनुगमन टोलीले राजविराज, हनुमाननगर, भारदह, कञ्चनरूप, विष्णुपुर, राजगढ तथा शम्भुनाथस्थित ट्राफिक चोकलगायत स्थानमा रहेका ग्यास विक्रेताको स्थलगत निरीक्षण गरेको थियो। टोलीमा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय अधिकृत सन्तोष राय, सप्तरी उद्योग वाणिज्य सङ्घका प्रतिनिधि, सुरक्षाकर्मी तथा सम्बन्धित स्थानीय तहका प्रतिनिधिको सहभागिता थियो।

सहायक प्रमुख जिल्ला अधिकारी यादवले ग्यासको कालोबजारी गरेको ठोस प्रमाण भने फेला नपरेको बताउनुभयो। अधिकांश विक्रेताले मूल्यसूची नराखेको, खरिद-बिक्री खाता व्यवस्थित रूपमा नराखेको, राखिएका खाता पनि अद्यावधिक नगरेको तथा उपभोक्तालाई बिलबिजक जारी नगरेको पाइएको उहाँले जानकारी दिनुभयो।

बिलबिजक जारी नगरेका हनुमाननगरका दुई ग्यास डिलरलाई आवश्यक कागजातसहित जिल्ला प्रशासन कार्यालयमा उपस्थित हुन पत्र काटिएको उहाँले बताउनुभयो।

सहायक प्रजिअ यादवका अनुसार मागअनुसार ग्यास कम्पनीबाट आपूर्ति नहुनु अभावको प्रमुख कारण देखिएको छ। डिलरले माग गरेअनुसार कम्पनीले ग्यास उपलब्ध नगराउने, तोकिएको कोटाभन्दा कम मात्रामा सिलिन्डर पठाउने तथा थोरै-थोरै परिमाणमा ग्यास आपूर्ति गर्ने गरेका कारण वितरण प्रणाली प्रभावित भएको उहाँले बताउनुभयो। सप्तरीमा दुहबी, जमुनाह, इटहरी र विराटनगरलगायत स्थानबाट विभिन्न कम्पनीका एलपी ग्यास ल्याएर बिक्रीवितरण हुँदै आएको छ।

प्रशासनले ग्यास डिलर तथा विक्रेतालाई मूल्यसूची अनिवार्य रूपमा राख्न, खरिद-बिक्रीको विवरण नियमित रूपमा अद्यावधिक गर्न तथा प्रत्येक कारोबारको बिलबिजक जारी गर्न निर्देशन दिएको छ।

## दण्डहीनताको.....

यस अभियानमा मानव अधिकारकर्मीलगायत सबै लाग्नुपर्छ," उनले भने।

अर्को प्रसङ्गमा सभामुख यादवले संघीयता आर्थिक भार नभई स्वाभिमान, सामाजिक न्याय, समानता र विकासको कडी भएको बताए। संघ सरकार संघीयताप्रति इमानदार नभएका कारण संघीयता सबल बन्न नसकेको उनको आरोप थियो।

संघ सरकारका कर्मचारी तथा पदाधिकारी, प्रतिनिधिसभा सदस्य र मन्त्रीहरूमा वार्षिक रूपमा एक खर्ब ५७ अर्ब रुपैयाँ खर्च हुने गरेको उल्लेख गर्दै उनले सातवटै प्रदेशका कर्मचारी तथा पदाधिकारीमा करिब १४ अर्ब रुपैयाँ मात्र खर्च हुने बताए। "कुल बजेटको ०.६४ प्रतिशत मात्र प्रदेश सरकारमा खर्च हुने गरेको छ," उनले भने।

प्रतिनिधिसभा सदस्य तथा संघ सरकारको वार्षिक भ्रमण खर्च मात्रै १ अर्ब ७३ लाख रुपैयाँ रहेको उल्लेख गर्दै उनले संघीयतामा प्रदेश सरकार कसरी खर्चिलो भयो भन्ने प्रश्नसमेत गरे।

कोषका अध्यक्ष वैद्यनाथ झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा जनकपुर(राजविराज उच्च अदालतका मुख्य न्यायाधीश सुभाष पौडेल, सप्तरीका प्रमुख जिल्ला अधिकारी श्यामकिशोर थापा, निर्वाचन आयोगका पूर्वआयुक्त अयोधीप्रसाद यादव, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवण देवलगायतले धारणा राखेका थिए।


कार्यक्रममा '३४औं प्रकाश स्मृति दिवस'का अवसरमा प्रदान गरिने 'वैद्य प्रकाश मानव अधिकार पुरस्कार २०८३'बाट अनौपचारिक क्षेत्र सेवा केन्द्रका प्रदेश संयोजक राजु पासमानलाई पुरस्कृत गरिएको थियो। यस्तै, 'उर्मिला देवी झा सातौँ गायन पुरस्कार २०८३'बाट शिलम देवी झालाई सम्मान गरिएको थियो।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्जैङ् कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४